# ढोरपाटन नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय बुर्तिवाङ, बागलुङ
## गण्डकी प्रदेश, नेपाल

### सेवा करारमा कर्मचारी पदपूर्ति गर्ने सम्बन्धी संसोधन गरिएको सूचना ।

दोस्रो पटक प्रकाशित मिति : २०७९/०९/०३

प्रस्तुत विषयमा यस ढोरपाटन नगरपालिका नगरकार्यपालिकाको मिति २०७९।०८।२२ को निर्णयानुसार २०७९।०९।०१ मा सेवा करारमा कर्मचारी पदपूर्ति गर्ने भनि सूचना प्रकाशन गरिएकोमा उक्त विज्ञापनमध्ये यस आ.व.मा विनियोजित सशर्त बजेटबाट तलब भुक्तानी हुने गरी विज्ञापन नं. २, ३, ४, ५, ६ र ९ को पदलाई कायमै राखी अन्य विज्ञापन नं. (७, ८, १०, ११, १२) का पदहरू स्थगन गरिएको छ । तपसिलको सङ्ख्या र योग्यता भएको कर्मचारी करारमा राख्नु पर्ने भएकाले योग्यता पुगेका इच्छुक नेपाली नागरिकले यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले १५ दिनभित्र माग बमोजिमको विवरण र यस नगरपालिकाको राजश्व शाखामा राजश्व तिरेको रसिद सहित दरखास्त दिनुहुन सम्वन्धित सबैका लागि यो सूचना पुन: प्रकाशन गरिएको छ ।

| विज्ञापन नं. | पद | माग पद संख्या | तह | दरखास्त दस्तुर | कैफियत |
|---|---|---|---|---|---|
| २-२०७९/०८० | चिकित्सक | १ | अधिकृत स्तर आठौं वा सो सरह | १०००।- | |
| ३-२०७९/०८० | सूचना प्रविधि अधिकृत | १ | अधिकृतस्तर छैटौं वा सो सरह | १०००।- | |
| ४-२०७९/०८० | पशु चिकित्सक | १ | अधिकृतस्तर छैटौंवा सो सरह | १०००।- | |
| ५-२०७९/०८० | कृषि स्नातक | १ | अधिकृतस्तर छैटौं वा सो सरह | १०००।- | |
| ६-२०७९/०८० | रोजगार सहायक | १ | सहायक स्तर पाँचौं | ५००।- | दोस्रो पटक प्रकाशित विज्ञापन। |
| ९-२०७९/०८० | पोषण तथा सरसफाइ फिल्ड सहायक | १ | सहायकस्तर पाँचौं | ५००।- | |

प्रमुख प्रशासकीय अधिकृत

## आवश्यक न्यूनतम योग्यता र अनुभवः

**१.शैक्षिक योग्यताः**

**क) विज्ञापन नं. २-२०७९/०८०: चिकित्सक:** MBBS उतीर्ण गरी NMC मा रजिष्ट्रेसन भई Advance SBA तालिम प्राप्त गरेको।

**ख) विज्ञापन नं. ३-२०७९/०८०: सूचना प्रविधि अधिकृतः** लोक सेवा आयोगले लिने कम्प्युटर अधिकृत पदको न्यूनतम योग्यता वा मान्यता प्राप्त शिक्षण संस्थाबाट Computer वा Information and Communication Technology वा सो सरहको विषयहरू मध्ये कुनै एक विषय लिई स्नातक (BIT, BIM, BBIS, BCA, BEIT, Bsc.IT, BE, BSc. CSIT, Electronics and Communication Engineering वा B. Tech, Electronics and Communication Engineering) उपाधि प्राप्त गरेको हुनुपर्नेछ।

**ग) विज्ञापन नं. ४-२०७९/०८०: पशु चिकित्सकः** मान्यता प्राप्त विश्वविद्यालय वा शैक्षिक संस्थाबाट पशु चिकित्सा विषयमा कम्तीमा स्नातक तह उत्तीर्ण गरेको र परिषदमा दर्ता भएको।

**घ) विज्ञापन नं. ५-२०७९/०८०: कृषि स्नातकः** मान्यता प्राप्त विश्वविद्यालय वा शैक्षिक संस्थाबाट कृषि बिज्ञानमा कम्तीमा स्नातक तह उत्तीर्ण गरेको।

**ङ) विज्ञापन नं. ६-२०७९/०८०: रोजगार सहायकः** नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवीणता प्रमाण पत्र तह वा सो सरह उत्तीर्ण गरी आधारभूत कम्प्युटर सीप सम्बन्धी रजिष्ट्रड संस्थाबाट कम्तिमा ३ महिनाको तालिम लिएको।

**च) विज्ञापन नं. ९-२०७९/०८०: पोषण तथा सरसफाइ फिल्ड सहायक:** नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रविणता प्रमाण पत्र उतीर्ण गरी पोषण तथा सरसफाइ सम्बन्धी तालिम लिई कम्तिमा १(एक) वर्ष सो क्षेत्रमा अनुभव प्राप्त गरेको साथै रजिष्ट्रड संस्थाबाट आधारभूत कम्प्युटर सिप सम्बन्धी कम्तिमा ३(तीन) महिनाको तालिम लिएको।

**२. उमेरः** कम्तीमा १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको र रोजगार सहायकको लागि १८ वर्ष पूरा भइ ४५ वर्ष ननाघेको।

**३.दरखास्त दिने स्थानः** ढोरपाटन नगरपालिकाको कार्यालय, बुर्तिवाङ, बागलुङ।

**४.दरखास्त दिने अन्तिम मितिः** २०७९/०९/१५ गते कार्यालय समय भित्र।

**५.छनौटको किसिमः** प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन, लिखित,अन्तर्वार्ता र आवश्यकता अनुसार प्रयोगात्मक परीक्षा समेत हुनेछ।

**६. लिखित र अन्तरवार्ताको मितिः** प्रारम्भिक योग्यताक्रमको सूची पश्चात प्रकाशन गरिने छ।

**७.आवेदन तथा संलग्न गर्नुपर्ने कागजातहरूः**

**आवेदक स्वयंले प्रमाणित गरेको देहाय बमोजिमका प्रतिलिपीहरुः**

क) नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि

ख. न्यूनतम योग्यताको लब्धाङ्क प्रमाणपत्रको प्रतिलिपि

ग) चारित्रिक प्रमाणपत्रको प्रतिलिपि

घ. अनुभव खुल्ने कागजात

ङ) व्यक्तिगत निवेदन

**८. सेवा सुविधाः** सम्वन्धित तह अनुसार कार्यविधिमा तोकिए बमोजिम साथै ढोरपाटन नगरपालिकाको निर्णय अनुसार हुनेछ।

**नोटः** दरखास्त आवेदन यस कार्यालयको ईमेल मार्फत पनि पेश गर्न सकिनेछ। परीक्षामा सामेल हुँदा अनिवार्य रुपमा सक्कल कागजातहरु लिएर आउनुपर्नेछ। परीक्षा दस्तुर वापतको रकम यस कार्यालयको नेपाल बैंक लिमिटेड बुर्तिवाङ शाखामा रहेको खाता नं. १२१०३००००१००१००००१ ( ढोरपाटन नगरपालिका: आन्तरिक राजस्व खाता) मा जम्मा गरेको भौचर सहित आवश्यक कागजातहरुको प्रतिलिपि यस कार्यालयको ईमेल **info@dhorpatanmun.gov.np** मा पेश गर्न सकिनेछ। उम्मेदवारले भर्नुपर्ने आवेदन फर्म https://dhorpatanmun.gov.np/ बाट डाउनलोड गरेर भर्न सक्नुहुनेछ।

विस्तृत जानकारीका लागी सम्पर्क नं.- ०६८: ४१०१८२

.........................

विष्णु प्रसाद ज्ञवाली

प्रमुख प्रशासकीय अधिकृत